नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**पर्यटन विभाग**
(पर्वतारोहण शाखा)

www.tourismdepartment.gov.np
Email:info@tourismdepartment.gov.np
फ्याक्स नं.- ४२२७२८१
फोन नं.- ४२५६२२८,४२५६२३२,४२५६२३०
महानिर्देशक - ४२४७०३७
पर्यटक प्रहरी : ४२४७०४१
भृकुटीमण्डप, काठमाडौं ।

पत्र संख्या: २०८२/८३
चलानी नं.:

## खुम्बु आइसफल क्षेत्रमा भेटिएको पहिचान नखुलेको शव सम्बन्धी
## प्रेस विज्ञप्ती

सन् २०२६ को वसन्त ऋतु (Spring Season) मा खुम्बु क्षेत्र सगरमाथा आधारशिविरबाट दोस्रो शिविर (क्याम्प २) सम्म डोरी टाँग्ने क्रममा मिति २०८३।०१।१५ गते आइसफल क्षेत्रमा पहिचान नभएको मानव शव भेटिएको जानकारी विभागमा प्राप्त भएको थियो।

उक्त क्षेत्र पर्यटकीय उच्च महत्वको रहेको र पहिचान नखुलेको शवको व्यवस्थापन मानवीय संवेदनाको विषय रहेको हुदाँ यस विषयमा विभागले उच्च प्राथमिकताका साथ पर्वतारोहण क्षेत्रका सरोकारवाला निकायसँग समन्वय गरी नेपाल पर्वतारोहण संघ (NMA)को अग्रसरतामा नेपाल पर्यटन बोर्ड (NTB), सगरमाथा प्रदुषण नियन्त्रण समिति(SPCC), पर्यटन विभागको सगरमाथा आधारशिविरमा रहेको अस्थायी फिल्ड कार्यालय र सहयोगी कामदार (Mountain Guide Icefall Doctor)सँगको सहकार्यमा मिति २०८३।०१।१८ घटनास्थलबाट आधारशिविरसम्म ल्याई पुर्याएको थियो। सोही दिन शवलाई हेलिकप्टर मार्फत लुक्ला ल्याई इलाका प्रहरी कार्यालय, सोलुखुम्बुमा घटनास्थल/लाश जाँच मुचुल्का गरिएको थियो ।

घटनास्थलबाट उल्लिखित निकायहरुको आर्थिक र लजिष्टिक स्रोत साधन जुटाइ आपसी सहकार्यमा मिति २०८३।०१।१९ गते हेलिकप्टरमार्फत शवलाइ काठमाडौंस्थित त्रि.वि.शिक्षण अस्पताल, महाराजगञ्जमा लगि पोष्टमार्टम भईरहेको छ । शवको अनुहार तथा भौतिक प्रमाणहरुबाट पहिचान हुन नसकेको हुँदा DNA परीक्षणको प्रक्रिया अघि बढाइएको छ ।

उक्त शवको पहिचान गरी सम्वन्धित परिवार वा आफन्तको जिम्मा लगाउने कार्यको लागि यस विभागले पर्वतारोहण सञ्चालक संघ (EOA) र ट्रेकिङ्ग एजेन्सीहरु (पर्वतारोहण सञ्चालन गर्ने) सँग समन्वय गरि कार्य गर्नेछ ।यस सम्वन्धमा विगतका वर्षहरुमा सगरमाथा आधार शिविर रहने हिमालहरुमा आरोहण गर्ने क्रममा वेपत्ता भई हालसम्म पनि फेला नपरेका आरोहण दलका सदस्य तथा सहयोगी कामदार(Mountain Guide) सम्वन्धी जानकारी/सूचना भएमा यस विभागमा उपलव्ध गराईदिनुहुन समेत ट्रेकिङ्ग एजेन्सीहरु (पर्वतारोहण सञ्चालन गर्ने) तथा सम्वन्धित सरोकारवालामा अनुरोध छ ।

साथै, यस कार्य प्रक्रियामा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन माननीय मन्त्री र मन्त्रालयबाट भएको निरन्तर चासो र मार्गदर्शन एवम् सही र तथ्यपूर्ण समाचार सम्प्रेषण गरी हिमाल आरोहणलाई व्यवस्थित र सुरक्षित वनाउन योगदान पुर्याउनुहुने सञ्चार माध्यम र सञ्चारकर्मीप्रति विभाग कृतज्ञता व्यक्त गर्दछ ।

मिति:२०८३/०१/२१
ने.सं. ११४६ बछलागा ३

रामकृष्ण लामिछाने
महानिर्देशक

**रामकृष्ण लामिछाने**
**महानिर्देशक**